# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## हेटौंडा उप-महानगरपालिका,
## मकवानपुर




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एवं नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal


## प्रादेशिक लेखापरीक्षण निर्देशनालय, बागमती प्रदेश

पत्र संख्याः २०७८।७९
च.नं. ५९०

मितिः २०७९।३।२४

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री नगर प्रमुखज्यू,
हेटौडा उप-महानगरपालिका, मकवानपुर ।

**कैफियत सहितको राय**

हामीले यस उप-महानगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. यस उप-महानगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.१५ करोड ७६ लाख ५४ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रू.५ लाख ८४ हजार फर्छ्यौट भई रू.१५ करोड ७० लाख ७० हजार बाँकी रहेको छ । बाँकी बेरुजू मध्ये असुल गर्नुपर्ने रू.९७ लाख ५३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड १७ लाख ५७ हजार, नियमित गर्नुपर्ने रू.१ करोड ९० लाख २७ हजार र पेश्की रू.१० करोड ६५ लाख ३३ हजार रहेको छ । उप-महानगरपालिकाको गतवर्षसम्म रु. ३१ करोड ४० लाख ८५ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्यौंट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु ३७ करोड ५२ लाख ४१ हजार रहेको छ । हेटौडा उप-महानगरपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**

३. यस उप-महानगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले उप-महानगरपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी उप-महानगरपालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत उप-महानगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(त्रिलोचन आचार्य)
नायब महालेखापरीक्षक

# हेटौडा उप-महानगरपालिका, मकवानपुर

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ५२ | ८२ | १५७६५४ | ० | ३ | ५८४ | ५२ | ७९ | १५७०७० | ९७५३ | १९०२७ | २१७५७ | ० | ० | ४०७८४ | १०६५३३ |

## अद्यावधिक बेरुजू स्थिति

## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| मकवानपुर | ३१४०८५ | ० | ९५९१४ | २१८१७१ | ० | १५७०७० | ३७५२४१ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : हेटौडा उप महानगरपालिका, मकवानपुर , हेटौडा उपा महानगरपालिका , मकवानपुर

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | नमराज घिमिरे | २०७७-४-१ | |
| कार्यालय प्रमुख | शिवराज चौलागाई | २०७७-१२-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | जेकप श्रेष्ठ | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | १५७,६५४,२१३ |

स्थानीय तह :



https://nams.oag.gov.np

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १,०७,१७,८९,५४९.४९ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | १,०४,३३,२७,००० | **चालु खर्च** | ९९,३७,८९,८२५.७८ |
| **प्रदेश सरकारबाट अनुदान** | ८,३५,९८,००० | **पूँजीगत खर्च** | ८३,७९,७१,४४६.६ |
| **राजश्व बाँडफाँट** | ६३,२५,४२,०१७.२८ | **वित्तीय/अन्य व्यवस्था** | ५९,११,८३,०७८.७६ |
| **आन्तरिक आय** | २१,९९,४४,२२१.२४ | | |
| **अन्य आय** | ५५,०५,७२,९०९.१९ | | |
| **कुल आय** | २,५२,९९,८४,१४७.७१ | **कुल खर्च** | २,४२,२९,४४,३५१.१४ |
| **बाँकी मौज्दात** | | १,१७,८८,२९,३४६.०६ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस उप महानगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु उप महानगरपालिकाको उद्वेश्य रहेको छ । यस उप महानगरपालिका अन्तर्गत १९ वडा, ९६ मध्ये ९५ सभा सदस्य, २६१-५८ वर्ग किलोमिटर क्षेत्रफल तथा १ लाख ५२ हजार ८७५ जना [२०६८ को गणनानुसार { जनसंख्या रहेको छ ।<br><br>**असूलीः** लेखापरीक्षणको क्रममा रु १२८४३ असूल भएको छ । | |
| २ | | | **आन्तरिक लेखापरीक्षण**<br>आन्तरिक लेखापरीक्षण - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर हेटौडा उप महानगरपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३ | | | **सेवा प्रवाह स्थितिः**<br>सेवा प्रवाहः उपमहा नगरपालिकाले यस आर्थिक वर्षमा निम्नअनुसार सेवा प्रबाह गरेको विवरण प्राप्त भएको छ । सेवा प्रवाहलाई थप प्रभावकारी बनाउनु पर्दछ। | |
| ४ | | | **बजेट तथा कार्यक्रम** | |

| सेवाको प्रकार | सेवा प्राप्तिको निवेदन | सिफारिस संख्या |
|---|---|---|
| नागरिकता सिफारिस | ४०६० | ४०६० |
| नागरिकता प्रतिलिपि | ३७१२ | ३७१२ |
| जग्गा नामसारी | १८५४ | १८५४ |
| चारकिल्ला प्रमाणित | १००५० | १००५० |
| घरवाटो सिफारिस | ९४१८ | ९४१८ |
| विद्युत मिटर | १८३१ | १८३१ |
| नाता प्रमाणित | ११८३ | ११८३ |
| नाता कायम | ८३४ | ८३४ |
| खानेपानी धारा जडान | ११७४ | ११७४ |
| जन्म,मृत्यु, विवाह वसाईसराई | ९०१५ | ९०१५ |
| अन्य | ४०६२५ | ४०६२५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४.१ | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने र सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था रहेको छ । यस पालिकाले मिति २०७७।०३।१० मा सभामा २ अर्व ८ करोड ६६ लाख ३३ हजार बजेट पेश गरि मिति २०७७।०३।१४ मा पारित गरेको छ । प्रमुख प्रशासकीय अधिकृतलाई मिति २०७७।०३।२० मा बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ४.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने ब्यवस्था छ । तर पालिकाले आ ब २०७७।०७८ मा चालु तर्फ रु ११६००००० र पुजिगत तर्फ रु१२२७८३००० गरी जम्मा रु १३४३८३००० बजेट अबण्डा राखेको देखिन्छ । यसरी नियम बिपरीत बजेट अबण्डा राखी खर्च गर्ने कार्य नियन्त्रण गर्नु पर्दछ । | |
| ४.३ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार सो गरेको पाइएन । | |
| ४.४ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार सो गरेको पाइएन । | |
| ४.५ | | | पालिका अन्तरगत आ ब २०७६।०७७ बाट जिम्मेवारी सरी आएको योजना तथा कार्यक्रम रु ४१५८८४००० रहेको मा आ ब २०७७।०७८ मा रु २७०५३३५४० भुक्तानी भएको छ र आ ब ०७७।०७८ मा भुक्तानी दिन बाकी योजना तथा कार्यक्रम रकम रु ३०२९४९२७० देखिन्छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४.६</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्चको स्थिति निम्न अनुसार रहेको छ ।
<table>
<tr><th>क्षेत्र/उप क्षेत्र</th><th>विनियोजन</th><th>खर्च</th><th>खर्च(%)</th></tr>
<tr><td>आर्थिक विकास</td><td>११२११६०००</td><td>५६७३२७९५.६८</td><td>३.१</td></tr>
<tr><td>सामाजिक विकास</td><td>१०६९०५२०७०</td><td>७९५१८०६८४.०१</td><td>४३.२८</td></tr>
<tr><td>पूर्वाधार विकास</td><td>१००६३०७६२०</td><td>७०१०५४३३५.०८</td><td>३८.१५</td></tr>
<tr><td>सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र</td><td>७८५२९२००</td><td>५४४०९६४६.७१</td><td>२.९६</td></tr>
<tr><td>कार्यालय सञ्चालन तथा प्रशासनिक</td><td>२७७३१८११०</td><td>२३००६६६७९.२५</td><td>१२.५२</td></tr>
<tr><td>कुल जम्मा</td><td>२५४३३२३०००</td><td>१८३७४४४१४१</td><td>१००</td></tr>
</table></td><td></td></tr>
<tr><td>४.७</td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । तर पालिकाले हालसम्म श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गरेको देखिएन ।त्यसैले पालिकाले नियममा भएको ब्यवस्था बमोजिम प्रोफाइल तयार गर्ने तर्फ बिशेष ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४.८</td><td></td><td></td><td>बार्षिक प्रगति<br>कार्यालयले चौमासिक र बार्षिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, प्रदेश स्तर, जिल्ला स्तर तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार नगरेकोले स्पष्ट लक्ष्य र कार्य सम्पन्न भएको अवस्था देखिने बार्षिक प्रगति प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५ | | | **वित्तीय विवरण** | |
| ५.१ | | | आर्थिक कार्यविधि कानून बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्नेमा गरेको पाइएन । तसर्थ पालिकाले यस सम्बन्धमा ध्यान पुर्याउनु पर्ने देखिन्छ । | |
| ५.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था बमोजिम अवकाश कोष स्थापना भएको पाइएन । तसर्थ पालिकाले यस सम्बन्धमा ध्यान पुर्याउनु पर्दछ । | |
| ५.३ | | | जिम्मेवारी फरक परेको – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको वित्तीय विवरण अनुसार गत वर्षको अन्त्यमा रु. १०१११३५०४२।७१ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु. १०७१७८९५४९।४९ जिम्मेवारी सारेको देखियो । जस अनुसार वित्तीय विवरणमा उल्लेख भएको भन्दा रु. ६०६५४५०६।७८ बढी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको छ । | |
| ६ | | | **अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ता** | |
| ६.१ | | | **आन्तरिक लेखापरीक्षण -**<br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर हेटौडा उप महानगरपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६.२ | | | संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने सामानिकरण वाहेकका अनुदान बर्ष भरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार २०७८ असार मसान्तमा देहाय बोमोजिम खर्च नभई बाँकी रहेको अनुदान फिर्ता गरेको पाइयो । | |

| संघीय अनुदान तर्फ | | | | |
|---|---|---|---|---|
| अनुदानको किसिम | जम्मा अनुदान | खर्च | बाँकी (फ्रिज हुनुपर्ने) | कैफियत |
| सशर्त अनुदान | 715,827,000.00 | 625,141,154.40 | 90,685,845.60 | मिति २०७८/०४/२० मा फिर्ता |
| | | | | |
| प्रदेस अनुदान तर्फ | | | | |
| अनुदानको किसिम | जम्मा अनुदान | खर्च | बाँकी (फ्रिज हुनुपर्ने) | कैफियत |
| सशर्त अनुदान | 42,768,000.00 | 36,441,253.65 | 6,326,746.35 | मिति २०७८/०४/२० मा फिर्ता |
| समपुरक अनुदान | 28,046,000.00 | 9,314,261.08 | 18,731,738.92 | मिति २०७८/०४/२० मा फिर्ता |
| जम्मा रकम रु. | 122,730,762.50 | 90,528,347.73 | 25,058,485.27 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७ | | | **न्यायिक समिति**<br>न्यायीक समिति – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी १८ वटा र यो बर्ष थप भएको १५८ गरी कुल १७६ विवाद दर्ता भएकोमा १२८ वटा मात्र फछ्र्यौट ४८ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| ८ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br>आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची 14 वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो<br>• वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा कार्यालयले जिन्सी निरीक्षण नै गरेको पाईएन ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावलि 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अवागै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।जिल्ला दररेटलाइ नै मानेको जवाफ प्राप्त भएको छ ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।बजेटमा नै कन्टीन्जेन्सी कट्टी गर्ने गरेको पाइयो।<br>• स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको ।<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहाका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा २०४९ को दफा ७ ख २ वमोजिम तलवी प्रतिवेदन पारित गराएर तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरि खर्च लेखेको पाईयो ।<br>• मन्त्रालयको परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समिति को नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ९ | | | **भ्रमण प्रतिवेदन**<br>म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख राखेको छैन म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख राखे देखिएन<br>म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन राखे राखेको छैन | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १० | | | **प्राकृतिक स्रोत साधनः**<br>प्राकृतिक स्रोत साधनको उपयोगःकार्यपालिकाको मिति २०७७।१२।१० को निर्णयले कार्यालयबाट अमानतमा संकलन तथा निकासीमूलक असुल गर्ने भनि गरेको निर्णय बमोजिम कार्यालयले विभिन्न क्रसर तथा बालुवा उद्योगहरुलाई आवश्यक नदिजन्य पदार्थको परिमाण माग गर्न ७ दिने सूचना प्रकाशन गरे बमोजिम २१ वटा उद्योगहरुले जम्मा १७३३०२ घन मिटर माग गरेकोमा र मौज्दात मध्यबाट उत्खनन् गर्ने समय समेतलाई विचार गरी १७३३०२ अर्थात ६१२०८५३ क्यू फिट को प्रति क्यू फिट ९ को दरले ५५०८७६८०।०० (मू.अ.कर बाहेक) मा उपलब्ध गराउन मिति २०७७।१२।०३ को स्थानीय अनुगमन समितिको सिफारिस बमोजिम निर्णय भएको देखियो। तर कार्यालयले उक्त आर्थिक वर्षको अन्त्य सम्म निज उद्योगहरु मध्ये २१ वटा उद्योग मार्फत १११५८३ घनमिटर उत्खनन्, संकलन र बिक्री गरेको जनाई रु.३६४९१०४८।०० मात्र आम्दानी गरेको देखियो । यस प्रकार अमानत मार्फत उद्योगहरुलाई उत्खनन्, संकलन र बिक्री गर्न अनुमति दिएको मध्ये ६१७१९ घन मिटरको रु. १८५९६६३२ (मू.अ.कर समेत) घटि आम्दानी भएको छ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११ | | | **वहाल विरौटी रकम**<br>वहाल विरौटी रकमः हेटौडा उपमहानगर पालिका वाट २०७७ मा जारी गरेको आर्थिक ऐनको दफा १६(१) नगर कार्यपालिकाले आफ्नो क्षेत्रभित्र आँफैले निर्माण गरेको वा रेखदेख वा सञ्चालन गरेका कवल तथा स्टलको भाडादर तोकेको छ । पालिकाले लेखापरीक्षणका क्रममा पेश गरेको विवरण अनुसार जम्मा जम्मी विभिन्न स्टलको ४३६ कोठाको भाडा लगाएकोमा वहाल विरौटी वापत यस वर्ष रु२२४०१०६९.११ राजस्व असुल गरेको छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार २०७६ मंशिर देखि ३० करदाताहरुले वहाल रकम नवुझाई वक्यौता राखेको देखिन्छ ।लामो समयदेखि लगातार वहाल रकम दाखिला नगर्ने करदाता उपर पालिकाले कुनै कानुनी कार्वाही गरेको देखिदैन, तसर्थ ती करदाता उपर छानविन गरी राजस्व असुली प्रभावकारी गर्नुपर्ने रु( करदाताको विवरण निम्न छन्) | २,१७५,६८० |

| करदाताको नाम | कोठा विवरण | भाडा दर | नवुझाएको मिति | वक्यौता रकम |
|---|---|---|---|---|
| उज्जवल तितुङ | ११।०१।७० | ८५४० | २०७७ श्रावणदेखि | १७०८००।०० |
| मान वहादुर घिसिङ | ११।११।०७ | ९००० | २०७६ माघदेखि | २१६०००।०० |
| भगवती वुढा | ११।११।१० | ९००० | २०७६ चैत्रदेखि | १९८०००।०० |
| लक्ष्मी श्रेष्ठ | ११।११।२३ | ११००० | २०७६ मंशिर | ३४१०००।०० |
| ईन्दिरा कुमारी केसी | ११।११।३० | ११००० | २०७६ मंशिर | ३४१०००।०० |
| रत्न प्रसाद अधिकारी | ११।११।३२ | १२१०० | २०७६ मंशिर | ३७५१००।०० |
| सुरेन्द्र प्रसाद श्रेष्ठ | ११।११।३९ | ११००० | २०७६ फागुन | २६४०००।०० |
| लक्ष्मी लामा | ११।१२।१०१ | ९६३५ | २०७६ मंशिर | २६९७८०।०० |
| जम्मा | | | | २१७५६८० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **घटी राजस्व दाखिला**<br>घटी राजश्व दाखिलाः आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था छ ।पालिकाले दहत्तरवहत्तरको ठेक्का लगाउनुपूर्व विभिन्न व्यक्ति तथा पक्षलाई कर असुल नगदी रसिद उपलव्ध गराई जिम्मेवारी दिएको निम्नानुसार सम्वन्धित पक्षले असुल गरेको रकम घटी गरी दाखिला गरेको नपुग रकम सम्वन्धितवाट १० प्रतिशत व्याज सहित असुल गरि दाखिला गर्नुपर्ने रु. | ३,२९८,५५० |

| उद्योग फर्मको नाम | स्वीकृत परिमाण र रकम (घ.मीलाई क्यू फि मा लैजाने प्रति कू ९ ले गुणा गर्ने ) | दाखिला गर्नुपर्ने रकम मू.अ कर सहित | घटी दाखिला |
|---|---|---|---|
| रक्षक वालुवा उद्योग | ३३९८घ.मी×३५.३१९×९ | १२२०५४१ | ३२०५४१ |
| सवुसी भूमि ई प्रा.लि | १०७६२घ.मी×३५.३१९× ९ | ३४२०९२७ | १२२०९२७ |
| ओम क्रसर उद्योग | १०१९५घ.मी×३५.३१९×९ | ३६६१९८५ | ३३४७८५ |
| पवित्र कंक्रिट उद्योग | ८४९६घ.मी×३५.३१९×९ | ३०५१७१४ | ५५१७१४ |
| लंगुवा वालुवा उद्योग | २२६६घ.मी×३५.३१९×९ | ८१३९३४ | ११३२२१ |
| आर आर आर वालुवा उद्योग | ११३३घ.मी×३५.३१९ | ४०६९६७ | ४६९६७ |
| ग्लोवल वालुवा | १८१२५.मी×३५.३१९ | ६५१०३९५ | ७१०३९५ |
| जम्मा | | | ३२९८५५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| १३ | | | **मू अ कर घटी दाखिला**<br>मू.अकर असुली नगरेकोःमुल्य अभिबृद्धी कर ऐन र नियमावलीले मु अ कर लाग्ने भनि तोकेका बस्तु तथा सेवाको कारोवार गर्दा नियमानुसार मु अ कर समेतले हुने रकम असुल गरी मु अ करको रकम सम्वन्धित राजस्व खातामा दाखिला गर्नु पर्दछ । कार्यालयले यो वर्ष असुल गरेको ढुंगा गिट्टि बालुवा रोडा आदि नदीजन्य पदार्थको उत्खनन् संकलन र बिक्री शुल्क असुल गरेको रकम मध्ये कार्यालयबाट १५ जना संकलक तथा निरीक्षकहरु ज्यालादारीमा नियुक्त गरेकोमा ती गरिएको र निजहरुले ११५ ठेली नगदी रसिद प्रयोग मार्फत जम्मा रु. ७३१२३१५।०० राजस्व आम्दानी गरेकोमा ती रसिद ठेलीहरु परीक्षण गर्दा अधिकांश ठेलीहरुको रु. ४८८१३८८।०० का १३ प्रतिशतले हुन आउने रु. ६३४५८०।०० मू.अकर असुल नगरेको तथा जरिवाना काटेकोमा सोमा मू.अकर असुल नगरेको साथै ती ठेलीहरुमा अत्यन्त कम मू.अकर असुल गरेकोले तथा उक्त रकम मू अकर आकर्षित हुने रकम देखिएकोले यस्तो रकममा मू.अ कर नलाग्ने कुनै कानूनी व्यवस्था नभएकोले कानूनी व्यवस्था अवलम्वन गरी सम्वन्धित कर्मचारीलाई जिम्मेवार वनाई असुल गर्नुपर्ने रु | ६३४,५८० |
| १४ | | | **विज्ञापन कर**<br>मूल्य अभिवृद्धि कर ऐन तथा नियमावली अनुसार मूल्य अभिवृद्धि कर लाग्ने वस्तु तथा सेवाको कारोबार गर्दा मूल्य अभिवृद्धि कर समेत थप गरी असुल गर्नुपर्ने र उक्त मूल्य अभिवृद्धि कर रकम नियमानुसार सम्बन्धित मूल्य अभिवृद्धि कर खातामा दाखिला गर्नुपर्दछ । मूल्य अभिवृद्धि कर लाग्ने कारोबार मध्ये विज्ञापन कर वापत यो वर्ष कार्यालयले रु=२०५३३५३।०० असुली गर्दा तोकिएको विज्ञापन दरमा १३ प्रतिशत मूल्य अभिवृद्धि कर समेत थप नगरी तोकिएको दर मात्र शुल्क असुल गरेको पाइयो । जसले गर्दा मूल्य अभिवृद्धि कर वापत रु=२६६९३६ संघिय राजस्व नोक्सान हुन गएको देखियो । यस प्रकार नोक्सान हुन गएको रकम निर्णय गर्ने जिम्मेवार पदाधिकारी र व्यक्तिबाट असुल गरी दाखिला गर्नुपर्ने रु= | २६६,९३६ |
| १५ | | | **प्रकोप व्यवस्थापन** | |
| १५.१ | | | • पालिका अन्तर्गत एम्बुलेन्स ३ वटा, आईसोलेशन बेड १०० वटा, अक्सिजन सिलिण्डर १० वटा, कन्सेन्ट्रेटर ३० वटा, पिपिई सेट १००० वटा रहेको दखीन्छ । • कोभिड १९ का बिरामीहरुको उपचारमा प्रत्यक्ष रुपमा संलग्न स्वस्थ्यकर्मी तथा अन्य कर्मचारीहरुको व्यवस्थापन सम्बन्धी मार्गनिर्देशन, २०७७ को पालना भएको देखीन्छ । • कोभिड उपचारमा संलग्नलाई जनशक्तिलाई स्वास्थ्य वीमा कार्यान्वयन भएको देखीदैन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५.२ | | | • संभावित लहर जोखिम आँकलन गर्न माइकिग नगर प्रहरी परिचालन प्रचार प्रचार निषेधाज्ञ पालना कोभिड खोप कार्यक्रम संचालन गरेको देखिन्छ । | |
| १५.३ | | | • कोभिडसँग सम्वन्धित निर्देशिका एवं हेल्थ प्रोटोकल तयार गर्न सघिय तथा प्रदेश सरकार बाट जारी निर्देशिका लाई आधार लिएको देखिन्छ ।<br>• निर्देशिका एवं हेल्थ प्रोटोकल कार्यान्वयनको अनुगमन गरेको देखिन्छ । | |
| १५.४ | | | • पालिका अन्तर्गत कुनै पनि पी सी आर प्रयोगशाला संचालन भएको देखीदैन । | |
| १५.५ | | | प्रकोप व्यवस्थापन तर्फ :- पालिकाको आन्तरिक आयवाट रु २४९०१६९०, गत वर्षको अ. ल्या ७२७०३४२ , प्रदेश सञ्चित कोषवाट १५००००० र अन्य निकायवाट प्राप्त ४०००० गरी जम्मा ३३७१२०३२ रकम प्राप्त भएकोमा निम्नानुसार खर्च भएको छ । | |

| खर्च शिर्षक | व्यय |
|---|---|
| कोभिड भत्ता ०७६/७७ | ४३२८१८६ |
| पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन | १९२६४७ |
| कार्यक्रम सञ्चालन | २००७० |
| सस्था सहायता | ५,१५० |
| राहत तथा पुनर्स्थापना | ८३३८९७ |
| औषधी खरिद | १४२६७३२ |
| सवारी साधन भाडा | १०००० |



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आइसोलेसन खर्च ६०६,८१३<br>प्रकोप ब्यबस्थापन ३०७७१००<br>जम्मा खर्च १०५००५९३<br>बैंक मौज्दात २३२११४३९<br>३३७१२०३२ | |
| १५.६ | | | • पालिका अन्तर्गत गौरीटार आइसोलेसन बेड संख्या १००, क्षमताको संचालनमा आएको देखिन्छ । सो केन्द्र बाट दैनिक न्युनतम ३५ जना र आषाढ मसान्त सम्म १४९ जना बसेको देखिन्छ । | |
| १५.७ | | | • पालिका अन्तरगत कोभिड अस्पताल संचालनमा नरहेको छ। | |
| १५.८ | | | • पालिकाले आ ब २०७७।०७८ मा २७८०० डोज कोभिड अनुदानमा प्राप्त गरी सबै खोप लगाएको देखिन्छ । • पालिका अन्तरगत १ वटा खोप भण्डार केन्द्रको रहेको देखिन्छ । | |
| १५.९ | | | • कोभिड नियन्त्रण र व्यवस्थापनमा संघीय निकाय, प्रदेश सरकार अन्तर्गतका निकाय एवं स्थानीय तहहरु सँगको समन्वय र सहकार्य गरेको देखीन्छ । • अन्तर निकायबीच सुचना आदन प्रदान भएको देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६ | | | **चौमासिक पुँजीगत खर्च**<br>चौमासिक पूँजीगत खर्च - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसूची ३ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| क्र.सं. | बजेट उपशीर्षक | कुल खर्च रकम रु. | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | आषाढ महिना |
| १ | पुँजीगत खर्च | 837,971,446.60 | 146,467,390.33 | 152,994,968.03 | 538,509,088.24 | 366,648,984.79 |
| | जम्मा | 837,971,446.60 | 146,467,390.33 | 152,994,968.03 | 538,509,088.24 | 366,648,984.79 |
| | प्रतिशत | १०० | १७.४८ | १८.२६ | ६४.२६ | ४३.७५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७ | | | **सार्वजनिक जग्गा संरक्षण**<br>सरकारी तथ सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण - स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । उपमहानगरपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको तथा अभिलेख राखेको पाइएन । अतः पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु तथा अभिलेख राख्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **कोषहरु**<br>उपमहानगरपालिका अन्तर्गत रहेका बिभिन्न कोषहरुको बिबरण निम्नानुसार छन्ः पालिकाले उपलव्ध गराएको विवरणहरुमा निम्नानुसारका कोषहरु रहेको देखिन्छ । उक्त कोषहरु सञ्चालनको कार्यविधि बनाएको देखिदैन । कार्यविधि वेगर बजेट विनियोजन गर्ने र खर्चगर्ने गरेको छ । विभिन्न कोषहरुको प्रयोजन समेत स्पष्ट रहेको छैन । कार्यालयले कोष सञ्चालन सम्बन्धी आवश्यक कार्यविधि बनाउने र सोको उद्देश्य अनुरुप खर्च गरी सोको व्यवस्थित अभिलेख राख्नु पर्दछ । | |

| कोषको नाम | कोष गठन भएको कानून | शुरु मौज्जात | यो बर्ष थप | यो बर्षको खर्च | बाँकी |
|---|---|---|---|---|---|
| कर्मचारी कल्याणकोष | नभएको | 9,018,824.27 | 31,647,629.20 | 21,076,372.03 | 19,590,081.44 |
| गरिबी निवारण तथा सामाजिक परिचालन कोष | | 1,207,885.65 | 200,000.00 | - | 1,407,885.65 |
| मर्मत सम्भार कोष | | 5,715,394.65 | 9,927,850.00 | 7,489,088.68 | 8,154,155.97 |
| महिला तथा बाल विकास कोष | | 1,100,000.00 | 100,000.00 | - | 1,200,000.00 |
| मानब संसाधन कोष | | 1,018,065.00 | 200,000.00 | - | 1,218,065.00 |
| बाताबरण विकास कोष | | 2,864,260.00 | 800,000.00 | - | 3,664,260.00 |
| जम्मा रकम | | 20,924,429.57 | 42,875,479.20 | 28,565,460.71 | 35,234,448.06 |
| प्रकोप(विपद) ब्यबस्थापन कोष | | 7,270,342.30 | 26,441,690.00 | 10,500,593.14 | 23,211,439.16 |
| विविध खर्च खाता /कोष- बैंक (ग २-७) | | - | 42,151,813.00 | 3,119,693.00 | 39,032,120.00 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९ | | | **शिक्षा सम्बन्धि देखिएका व्यहोरा** | |
| १९.१ | | | **निकासा अभिलेख खाताः** उपमहानगरपालिकाले शिक्षकहरुको तलव भत्ता निकासा गर्नु पूर्व दरवन्दी अनुसार कार्यरत शिक्षकहरु यकिन गरी तलव भत्ता निकासा गर्नुपर्ने त्यस्तै माग फाराम सोही आधारमा रुजू गरी विद्यालयगत निकासा लेजर तयार गरी निकासा छोड्नुपर्नेमा निकासा लेजर राखेको छैन पालिकाले दरवन्दी विवरण, कार्यरत शिक्षक विवरण, सो अनुरुपको माग फाराम तथा निकासा लेजर खडा गरी व्यवस्थित रुपमा राख्नुपर्दछ ।<br><br>**विद्यार्थी संख्या भन्दा बढी सहयोगी कार्यकर्ताः** प्रारम्भिक वालविकास केन्द्रको राष्ट्रिय न्युनतम मापदण्ड मार्गदर्शक पुस्तिका ,२०६७ को प्रथम संसोधन २०७५ बमोजिम न्युनतम २५ जना बालवालिका वरावर एक जना वाल सहयोगी कार्यकर्ता (वाल शिक्षक) हुनुपर्ने व्यवस्था छ । तर पालिकामा सन्चालित अधिकांश वालविकास केन्द्रहरुमा २५ जनाभन्दा कम बालवालिका रहेका विद्यालयहरुमा पनि २ जना तथा ३ जना वाल शिक्षक राखी संघ ससर्त अनुदान बाट प्रदेश सरकारबाट तथा पालिकाबाट खर्च भुक्तानी दिएको देखिएकोले आगामी दिनमा दरबन्दी मिलान गरी बिद्यार्थी संख्याको आधारमा मात्र शिक्षक राखी खर्च लेख्नु पर्ने देखिन्छ । | |
| १९.२ | | | नमुना बिद्यालयमा कार्यसम्पादन करारका आधारमा प्र.अ र शिक्षकका लागि बिद्यालय मार्फत प्रोत्साहन अनुदान: शिक्षा तथा मानव श्रोत बिकास केन्द्रबाट २०७७।४।१४ बाट लागु हुने गरी जारी गरिएको कार्यक्रम कार्वान्वयन पुस्तिका २०७७।७८ को बुँदा नं ९.११. मा शिक्षा तथा मानव स्रोत बिकास केन्द्रबाट छनौटमा भएका, नमुना बिद्यालयको गुरु योजना स्थानीय तहबाट स्वीकृत भई सञ्चालनमा रहेका, नमुना बिद्यालय व्यवस्थापन निर्देशिका २०७४ बमोजिम छनौट भएका प्र.अ. तथा बिद्यालयका शिक्षकहरुले यो प्रोत्साहन प्राप्त गर्नेछन । यसका लागि प्रति बिद्यालय रू २ लाखका दरले बजेट व्यवस्था भएकोले यसलाई बिद्यालयमा अनुदान दिनु पवू अनुसूची १४ मा उल्लेखित बिद्यालयका प्रानाध्यापकसँग स्थानीय तहले कार्य सम्पादन करार गरी अनुदान उपलब्ध गराउने । साथै प्राधानाध्यापकले आफ्नो बिद्यालयका माध्यमिक तहका कम्तीमा ३ जना शिक्षकसँग कार्य सम्पादन करार गर्ने सो को प्रगति नियमित रूपमा स्थानीय तह र शिक्षा तथा मानव श्रोत बिकास केन्द्रमा पठाउनु पर्नेमा सो बेगर पालिकाले बिद्यालयलाई निकासा मात्र गरेको देखिएकोले सो को प्रमाण पेश हुनु पर्ने रु<br>त्यस्तै बूँदा नं ९.१३. मा यस निर्देशिकाको अनुसूची ९ को खण्ड "क" र "ख" मा उल्लेखित विद्यालयलाई स्वीकृत गुरू योजनामा उल्लेखित शैक्षिक सुधारका लागि पहिचान भएका कार्यक्रम मध्ये विज्ञान प्रयोगशाला, आई सी टी ल्याब पुस्तकालय व्यवस्था नभएका विद्यालयले सो व्यवस्था गर्न तथा नमनुा विद्यालय व्यवस्थापन निर्दशिका २०७४ मा उल्लेखित शैक्षिक पूर्वाधारहरु, छात्रावास व्यवस्थापन, शैक्षिक सशुासनका न्यनूतम सर्त पूरा गर्ने कार्यक्रम तथा यस पूर्व भौतिक पूर्वाधार बिकासका लागि बिनियोजित बजेटको कार्य प्रगति सहित शैक्षिक कार्तक्रम कार्वान्वयनका लिग आवश्यक बजेट सहितको प्रस्ताव | १५,६००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | विद्यालयबाट पेस गर्न लगाउने । गरु योजना र नमूना विद्यालय व्यवस्थापन निर्दशिका मा उल्लेखित शैक्षिक सुधारका क्रियाकलापका आधारमा तत्कालीन रूपमा शैक्षिक सुधार हने क्रियाकलाप तोकि स्थानीय तह र विद्यालय बिच सम्झौता गरी विद्यालयलाई रू ५० लाख अनुदान उपलब्ध गराउने । विद्यालयले सम्झौता अनरूप काम गरे नगरेको नियमित अनगुमन गरी कार्य प्रगति शिक्षा तथा मानव श्रोत बिकास केन्द्रमा पठाउनु पर्नेमा सो बेगर पालिकाले बिद्यालयलाई निकासा मात्र गरेको देखिएकोले सो को प्रमाण पेश हुनु पर्ने रु | |
| १९.३ | | | **छात्रबृद्धिमा बढी निकासाः** विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वियन पुस्तिका आ.व २०७७।७८ को क्रियाकलाप नं ७.२.११ मा सार्बजिनक बिद्यालयमा अध्ययनरत बिद्यार्थीहरुका लागि छात्रबृति सम्बन्धि व्यवस्था रहेको छ । जसअनुसार छात्रबृतिको प्रकृति पहिचान गरी बिद्यार्थी संख्या यकिन गर्ने र सम्बन्धित अभिभावकको रोहवरमा बिद्यालयले बितरण गर्ने उल्लेख भएकोमा सो बमोजिम नभइ उक्त छात्रबृति रकम एकमुष्ट बिद्यालयहरुको खातामा निकासा गरेको देखिएको छ। यसरी निकासा गरेको छात्रबृति रकम मध्ये देहायका बिद्यालयका निम्नाननुसारका बिद्यार्थीहरुलाइ बढी संख्यामा रु१४६४००। रकम निकासा गरेको देखिएकोले बढी संख्यामा निकासा भएको रकम असूल गरी संघीय संचितकोषमा दाखिला हुनु पर्ने रु | १४६,४०० |

| बिद्यालयको नाम | नमूना बिद्यालय शैक्षिक तथा व्यबस्थापकिय अनुदान | नमूना बिद्यालय प्र अ तथा शिक्षक प्रोत्साहन |
|---|---|---|
| श्री चन्द्रोदय मा बि | ५०००००० | २००००० |
| आधुनिक मा बि | ५०००००० | २००००० |
| जनप्रिय मा बि | ५०००००० | २००००० |
| जम्मा | १५०००००० | ६००००० |

| क्र सं | बिद्यालयको नाम | छात्रबृति निकासा हुनु पर्ने | निकासा भएको रकम | बढी निकासा |
|---|---|---|---|---|
| १ | आधुनिक राष्ट्रिय मा बि | २१२००० | २३७६०० | २५६०० |
| २ | भृकुटी मा बि | ४५६०० | ४७६०० | २००० |
| | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ३ | जनप्रिय मा बि | ९६४०० | १४२४०० | ४६००० | | |
| | | | | ४ | महेन्द्र मा बि | ६३६०० | ८५२०० | २१६०० | | |
| | | | | ५ | बंशगोपाल मा बि | ९१६०० | ९७२०० | ५६०० | | |
| | | | | ६ | शंकरज्योती आ बि | ६२४०० | ८०००० | १७६०० | | |
| | | | | ७ | गोरक्षनाथ मा बि | ५०४०० | ५९२०० | ८८०० | | |
| | | | | ८ | श्री त्रिभुवन मा बि त्रिशुले | २०८०० | २६००० | ५२०० | | |
| | | | | ९ | बुद्ध मा बि | ९९२०० | ११०४०० | ११२०० | | |
| | | | | १० | शुभकामना आ बि | ५६०० | ८४०० | २८०० | | |
| | | | | | जम्मा | | | १४६४०० | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१९.४</td><td></td><td></td><td>छात्रबृत्ति निकासाः उपमहानगरपालिकाले आफू अन्तर्गतका ७७ वटा सामूदायिक बिद्यालयका कक्षा १ देखि ८ सम्मका छात्रा दलित छात्र तथा अपाङ्ग समेत ९४६८ जनालाई रु४०२५२००। रकम बिद्यालयको खातामा निकासा गरेकोमा छ ।<br>
<table>
<tr><th>छात्रबृतिको प्रकार</th><th>संख्या</th><th>दर</th><th>भुक्तानी कम</th></tr>
<tr><td>छात्रा</td><td>८६१९</td><td>४००</td><td>३४४७६००</td></tr>
<tr><td>दलित</td><td>७३४</td><td>४००</td><td>२९३६००</td></tr>
<tr><td>अपाङ्ग</td><td>११५</td><td>बिभिन्न</td><td>२८४०००</td></tr>
<tr><td>जम्मा</td><td>९४६८</td><td></td><td>४०२५२००</td></tr>
</table>
यसरी निकासा गरेको रकम मध्ये १२ वटा बिद्यालयले सम्बन्धित बिद्यार्थीलाई छात्रबृति बितरण गरेको प्रमाण पेश गरेका छन् भने बितरणको भरपाई पेश नगर्ने ७५ बिद्यालयले सम्बन्धित बिद्यार्थीलाई बितरण गरेको प्रमाण पेश नभएकोले सो को प्रमाण पेश हुनु पर्ने रु २७१८४००। बिद्यालयको नाम तथा रकमको वृस्तित बिबरण अनूसूचीमा संलग्न छ ।</td><td>२,७१८,४००</td></tr>
<tr><td>१९.५</td><td></td><td></td><td>पाठ्यपुस्तकमा बढी निकासा - शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आबश्यकभन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख छ । उपमहानगरपालिकाले पाठ्यपुस्तक वापतको रकम निकासा गर्दा देहायको बिदद्यालयमा बढी निकासा गरेको छ ।<br>
१) प्राबिधिक धार संचालन भएका दुई बिद्यालय मध्ये जनप्रिय मा बि मा कक्षा ९ र १० मा रु २९००। तथा भुटनदेवी मा बि मा कक्षा ९ र १० मा रु ६८८७। समेत रु ९७८७। दोहोरो पर्ने गरी निकासा गरेकोले उक्त रकम असूल हुनु पर्ने रु<br>
२) निम्नानुसारका बिद्यालयलाई बिद्यार्थी संख्या भन्दा बढी हुने गरी निकासा गरेकोले उक्त रकम असूल हुनु पर्ने रु
<table>
<tr><th>क्र सं</th><th>बिद्यालय</th><th>कक्षा</th><th>दर</th><th>बढी संख्या</th><th>रकम</th></tr>
<tr><td>१</td><td>निर्ले मा बि बस्तीपुर</td><td>८</td><td>८९७.६</td><td>१५</td><td>13464</td></tr>
</table></td><td>४५,३६६</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | गोरक्षनाथ मा बि | ६ | ६९७.४ | ३ | 2092.2 |
| | | ७ | ८७२.३ | १ | 872.3 |
| ३ | आनन्द भैरब मा बि | ४ | ३९६.६ | २ | 793.2 |
| | | ५ | ४०८.१ | ६ | 2448.6 |
| | | ६ | ६९७.४ | १ | 697.4 |
| | | ७ | ८७२.३ | २ | 1744.6 |
| ४ | त्रिबेणी मा बि | ५ | ४०८.१ | २ | 816.2 |
| | | ७ | ८७२.३ | ४ | 3489.2 |
| | | ८ | ८९७.६ | ५ | 4488 |
| ५ | ब्रम्हदेबी आ बि | १ | ५१८.४ | ३ | 1555.2 |
| ६ | शुभकामना आ बि | ४ कक्षा नचलेकोमा भुक्तानी | | | १६६३ |
| ७ | संस्कृत बेद बिद्याश्रम | ९ कक्षा नचलेकोमा भुक्तानी | | | १४५६ |
| | जम्मा | | | | ३५५७९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २० | | | **पदाधिकारी सुविधा र विविध खर्च** | |
| २०.१ | | | **सल्लाहकार**<br>बागमती प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५(पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव।सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । तर नगर प्रमुखको कानुनी सल्लाहकार, प्रेश सल्लाहकार र राजनैतिक सल्लाहकारका रुपमा ३ जनालाई नियुक्त गरी देहाय बमोजिम रु.९५५०५८ भुक्तानी भएको छ । यस किसिमको खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |

| सि नं | पद | कर्मचारी | नियुक्तीको प्रकार | भुक्तानी रु |
|---|---|---|---|---|
| १ | कानुनी सल्लाहकार | मुकुन्द प्रसाद अधिकारी | करार | ३००००० |
| २ | प्रेश सल्लाहकार | हरि हुमागाई | करार | ३६७०५८ |
| ३ | राजनैतिक सल्लाहकार | नरहरी महत | करार | २८८००० |
| | | जम्मा | | ९५५०५८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २०.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्ने ब्यवस्था छ । पालिकाले यो बर्ष विविध खर्च तर्फ ३८५४१५७।- खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययीतता कायम गर्नुपर्दछ । | |
| २०.३ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था नभएता पनि पालिकाले आ व २०७७।७८ मा आर्थिक सहायता बापत रु ६५३८५४। प्रदान गरेको देखिन्छ । | |
| २१ | | | **पेश्की बाँकी** | |



https://nams.oag.gov.np

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२१.१</td><td></td><td></td><td>आर्थिक वर्ष २०७६।७७ मा बाँकी रहेको देहायबमोजिमको पेश्की रकम यस आर्थिक बर्षसम्ममा समेत फर्छ्यौट हुन नसकेको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ बमोजिम यथाशीघ्र फछ्यौंट गर्नु पर्ने रु
<table>
<tr><th>सि नं</th><th>पेश्की लिनेको नाम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>जगन्नाथ सापकोटा</td><td>२०००००</td></tr>
<tr><td>२</td><td>हेटौडा १२ खेलकुद समिति हात्तिगौंडा</td><td>१५००००</td></tr>
<tr><td></td><td></td><td>३५००००</td></tr>
</table>
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको/फर्म/संगठन नाम</th><th>पेस्की रकम</th></tr>
<tr><td>२१.१.१</td><td>हेटौडा १२ खेलकुद समिति हात्तिगौंडा</td><td>१,५०,०००</td></tr>
<tr><td>२१.१.२</td><td>जगन्नाथ सापकोटा</td><td>२,००,०००</td></tr>
</table>
</td><td>३५०,०००</td></tr>
<tr><td>२१.२</td><td></td><td></td><td>आर्थिक बर्षको अन्त्यसम्ममा फछ्यौंट हुन नसकेको देहायका ब्यक्ती तथा संस्थाको नाममा बाँकी रहेको पेश्की आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियमावली बमोजिम यथाशीघ्र फछ्यौंट गर्नु पर्ने रु
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको/फर्म/संगठन नाम</th><th>पेस्की रकम</th></tr>
<tr><td>२१.२.१</td><td>राम प्रसाद गुरागाई</td><td>१७,८५०</td></tr>
<tr><td>२१.२.२</td><td>रसुवा — आशिष — बानियाँ जे. भी.</td><td>२,७०,००,०००</td></tr>
<tr><td></td><td></td><td></td></tr>
</table>
</td><td>१०६,१८३,२९०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २१.२.३ | रामेछाप पाँचपोखरी । जटेश्वर जे.भी. | १५,५०,००० | | |
| | | | | २१.२.४ | रसुवा — आशिष — बानियाँ जे. भी. | ३,००,००,००० | | |
| | | | | २१.२.५ | विश्वज्योति आधारभुत विद्यालय, हेटौडा-१५ | ५०,००० | | |
| | | | | २१.२.६ | आधुनिक रास्ट्रिय माध्यमिक विद्यालय | ३२,८५,१०९ | | |
| | | | | २१.२.७ | आधुनिक रास्ट्रिय माध्यमिक विद्यालय | २७,८०,००० | | |
| | | | | २१.२.८ | आधुनिक रास्ट्रिय माध्यमिक विद्यालय | ३९,३४,००० | | |
| | | | | २१.२.९ | चन्द्रोदय माध्यमिक विद्यालय | ९९,९९,६८६ | | |
| | | | | २१.२.१० | जन जागृति माध्यमिक विद्यालय | १८,००,००० | | |
| | | | | २१.२.११ | शंकरज्योति आधारभूत विद्यालय | १८,००,००० | | |
| | | | | २१.२.१२ | चन्द्रोदय आधारभूत विद्यालय, हे.उ.म.न.पा.-१३ | ५०,००० | | |
| | | | | २१.२.१३ | जन जागृति माध्यमिक विद्यालय | ५०,००० | | |
| | | | | २१.२.१४ | त्रिभुवन माध्यमिक विद्यालय | ५०,००० | | |
| | | | | २१.२.१५ | राम प्रसाद गुरागाई | १७,८५० | | |
| | | | | २१.२.१६ | विश्वज्योति आधारभुत विद्यालय, हेटौडा-१५ | ५०,००० | | |
| | | | | २१.२.१७ | आधुनिक रास्ट्रिय माध्यमिक विद्यालय | ३२,८५,१०९ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २१.२.१८ | आधुनिक रास्ट्रिय माध्यमिक विद्यालय | २७,८०,००० | | |
| | | | | २१.२.१९ | आधुनिक रास्ट्रिय माध्यमिक विद्यालय | ३९,३४,००० | | |
| | | | | २१.२.२० | चन्द्रोदय माध्यमिक विद्यालय | ९९,९९,६८६ | | |
| | | | | २१.२.२१ | जन जागृति माध्यमिक विद्यालय | १८,००,००० | | |
| | | | | २१.२.२२ | शंकरज्योति आधारभूत विद्यालय | १८,००,००० | | |
| | | | | २१.२.२३ | चन्द्रोदय आधारभूत विद्यालय, हे.उ.म.न.पा.-१३ | ५०,००० | | |
| | | | | २१.२.२४ | जन जागृति माध्यमिक विद्यालय | ५०,००० | | |
| | | | | २१.२.२५ | त्रिभुवन माध्यमिक विद्यालय | ५०,००० | | |
| २२ | | | **संगठन तथा कर्मचारी ब्यवस्थापन** | | | | | |
| २२.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । तर पालिकाले हालसम्मम नयाँ संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी दरबन्दी स्वीकृत गरेको छैन । पालिकाले उपलब्ध गराएको विवरण अनुसार प्रमुख प्रशासकीय अधिकृत सहित पालिका र वडाकार्यालय तथा स्वास्थ्य, कृर्षि ,पशु गरी जम्मा ५५० जनाको दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित संघबाट समायोजन भई आएका ७८ जना, साविक स्थानीय निकायमा कार्यरत १२७ जना र आन्तरीक करारबाट ६२ जना गरी २५९जना पदपूर्ति भएको देखिन्छ र बिभिन्न पदमा गरी २९१ रित्त रहेको देखिन्छ । त्यसैले पालिकाले नयाँ संगठन तथा व्यवस्थापन संरचना स्विकृत को माध्यम बाट दरबन्दी मिलान गरी समयमै पदपूर्ती गरी सेवा प्रवाहलाई चुस्तदुरुस्त र प्रभावकारी वनाउने तर्फ विशेष ध्यानदिनुपर्दछ । | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २२.२ | | | क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा नगर प्रहरी, प्रशासनिक, प्राविधिक, कार्यालय सहयोगी, डाइभर तथा स्वास्थ्य तर्फ करार मार्फत ६३ जना र दैनिक ज्यालादारी तर्फ ११९ जना गरी जम्मा १८२ जनाको रु ४६५९७८८५।- खर्च लेखेको छ ।<br><br>ख) त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्ट्रिसियन, चौकिदार, माली, बगैंचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको इन्जिनियर,सब इन्जिनियर, रोजगार संयोजक, उद्यम विकास सहजकर्ता र आइटी पदमा समेत गरी विभिन्न पदमा करार मार्फत कर्मचारी नियुक्त गरेको देखिन्छ । यी पदहरुमा बार्षिक पारिश्रमिक वापत भएको जम्मा खर्चको विवरण पालिकाबाट उपलब्ध हुन सकेन । | |
| २२.३ | | | **तलबी प्रतिबेदन**<br>निजामती सेवा ऐन, २०४९ को दफा ७ख(२) अनुसार उपत्यका भित्रका कार्यालयमा कार्यरत निजामती कर्मचारीहरुको तलवी प्रतिवेदन निजामती कितावखानावाट पारित गराएर मात्र तलब खर्च लेख्नुपर्ने उल्लेख छ । त्यस्तै संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं १८० मिति २०७६।५। १८ को पत्रवाट स्थानिय तहका कर्मचारी र संघवाट स्थानिय तहमाखटिएका कर्मचारीहरुको जिल्लास्थित कोष तथा लेखानियन्त्रक कार्यालयवाट तलवी प्रतिवेदन पारीत गर्न परिपत्र गरेको छ । यस पालिकामा कार्यरत २१५ जना स्थायी कर्मचारीहरुको आ.व. २०७७।७८ को तलबी प्रतिवेदन नगरसभाबाट पारित गरि तलब र ग्रेड बापत रु १००८२५६१५।- तलव खर्च लेखेको छ। नियममा भएको व्यवस्था अनुसार तलबी प्रतिवेदन पारित गरेरमात्र तलब र ग्रेड खर्च लेख्नु पर्छ। | |
| २२.४ | | | **कर्मचारी प्रोत्साहन भत्ता -**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नर्म्स स्वीकृत गराई मात्र खाजा र खाना वापतको रकम भुक्तानी दिनुपर्ने र ७.४.१ को | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई यो बर्ष निम्नानुसार रु९००१७९४। प्रोत्साहन भत्ता खर्च गरेको देखिएको छ । पालिकाले कार्यविधि बनाएर मात्र यस किसिमको खर्च गर्नु पर्दछ । | |

| सुबिधाको किसिम | सुबिधा उपयोगको गर्ने कर्मचारी संख्या | बार्षिक खर्च |
|---|---|---|
| वडा सचिवलाई मासिक १ हजारका दरले | १९ जना | 228,000.00 |
| सरसफाई क्षेत्रमा रहेका कर्मचारीलाई सार्बजनिक बिदाका दिन पनि कार्य गरवापत मासिक रु८०० का दरले | १९ जना | 182,400.00 |
| नगर प्रहरी तथा वारुणयन्त्र कर्मचारीहरुलाई राशन सुबिधा | २८ जना | 1,715,760.44 |
| प्रमुख प्रशासकीय अधिकृत मासिक २५ हजारका दरले | १ जना | 300,000.00 |
| प्रबन्धक, अधिकृतस्तर नवौ र दशौ मासिक ४ हजार, शाखा अधिकृत २ हजार ५ सय, सहायकस्तर पाँचौ २ हजार, सहायकस्तर चौथो १ हजार ५ सय र कार्यालय सहयोगी १ हजार र वारुणयन्त्र कर्मचारी जोखिम भत्ता थप मासिक १ हजारका दरले | २१४ जना | 6,575,633.85 |
| जम्मा | | 9,001,794.29 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३ | | | **लक्ष्य प्रगति**<br>आन्तरिक आयः स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ५४ अनुसार स्थानीय तहले आफ्नो क्षेत्र भित्र कानून अनुसार कर लगाउने तथा असुल गर्नसक्ने व्यवस्था रहेको छ। जस अनुसार पालिकाले यस वर्ष विभिन्न शिर्षकमा निम्नानुसार आम्दानी भएको छ।<br>अनुसुची १ मा संलग्न गरिएको छ।<br>माथि टेवलमा उल्लेख भएवमोजिम असुलीमा न्यून प्रगति देखिएका वहाल कर पूर्वाधार कर वाँडफाँडवाट प्राप्त राजस्व मनोरञ्जन करका सुचकहरुमा राजस्व वृद्धि गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४ | | | **एकिकृत सम्पत्ति कर**<br>एकिकृत सम्पती करः हेटौंडा उपमहानगरपालिकाबाट कर तथा गैरकर राजस्व लगाउने र उठाउने सम्बन्धमा व्यबस्था गर्न बनेको ऐन २०७५ को दफा १० मा भएको व्यबस्था र हेटौंडा उपमहानगरपालिकाको आर्थिक ऐन २०७७ अनुसार नगरक्षेत्रभित्र रहेको सम्पत्तीमा कर लगाउने भनि तोकेको घर र जग्गामा मूल्याङकित रकमको तोकिए बमोजिमको दरले सम्पती कर लगाउने र उठाउने प्राबधान रहेको छ।उपमहानगरपालिकाले आब २०७७।७८ मा सम्पत्ती कर वापत रु ४९५८८४९४।०० असूली गरेको छ । हेटौंडा उपमहानगरपालिका क्षेत्र भित्रका सम्पत्ती कर दाखिला गर्ने दायित्व रहेका निम्न करदाताबाट देहायबमोजिम यो बर्ष सम्पत्ती कर दाखिला गरेको नदेखिएकोले आवश्यक कानुनी उपचार मार्फत असूल गरी स्थानीय संचित कोषमा दाखिला गर्नुपर्ने देखिएको रु | १,४९०,१२९ |

| करदाताको नाम | वक्यौता अवधि | यो बर्षको सम्मको बाँकी जम्मा |
|---|---|---|
| भाजुरत्न ईन्जिनियरिङ एण्ड सेल्स | २०७१।२०७२ देखि | ६४०००।०० |
| नेपाल विद्युत प्रा. केन्द्रिय भण्डार | २०७६।७७ देखि | ७०२५४६।०० |
| सताक्षी ईन्भेष्टमेण्ट कम्पनी प्रा,लि | २०७१।७२ देखि | ५७०७८३।०० |
| होटल राप्ती | २०७१।७२ देखि | ३९०००।०० |
| सिदार्थ शिसु सदन | २०६९।७० देखि | ११३८००।०० |
| जम्मा | | १४९०१२९।०० |

यसैगरी हेटौंडा औधोगिक क्षेत्र लगायतका कतिपय करदाताहरु हालसम्म सम्पत्ती कर बुझाउन उपमहानगरपालिका आएको नदेखिएको र त्यस्ता करदाताहरुको लाग्ने सम्पत्ती कर यकिन गरी बक्यौता कायम गर्नु पर्नेमा उपमहानगरपालिकाले सो समेत गरेको नदेखिएको हुँदा नगरक्षेत्रभित्रका यस्ता करदाताकव पहिचान गरी बिगत देखि बुझाउन बाँकी सम्पत्ती करको यथार्थ अभिलेख अद्याबधिक गर्नु पर्ने र त्यस्तो वक्यौता कर असूली गर्ने तर्फ बिशेष पहल गर्नु पर्ने देखिन्छ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | | | **सिमेन्टको प्राकृतिक श्रोत संकलन शुल्कः**<br>**सिमेन्टको प्राकृतिक श्रोत संकलन शुल्कः** हेटौडा उपमहानगरपालिका क्षेत्रबाट निकासी हुने सिमेण्टको प्राकृतिक श्रोत संकलन शुल्क असुल गर्ने प्रयोजनको लागि मित्र निर्माण सेवा सँग २०७७।०४।१ देखि २०७८ आषाढ मसान्त सम्मको लागि कबोल अंक रु ३ करोड २५ लाख मूल्य अभिवृद्धि कर समेतको ठेक्का सम्झौता २०७७।०४।०१ मा भएको छ । सम्झौताको दफा ३ अनुसार निम्नानुसार किस्ता दाखिला गर्नुपर्नमा देहाय बमोजिम ढिला गरी दाखिला गरेको देखिएकोले प्रचलित कानुन बमोजिम लाग्ने १० प्रतिशत ब्याज असुल गर्नपर्नेमा असुल भएको नदेखिएकोले असुल हुनुपर्ने रु. | ५७४,६३२ |

| किस्ता | सम्झौतानुसार | रकम | दाखिला भएको मिति | दाखिल भएको रकम | ढिला अवधिको लाग्ने व्याज |
|---|---|---|---|---|---|
| प्रथम | सम्झौताको बखत | ७१९३७५० | २०७७।०४।१६ | ७२००००० | ० |
| दोश्रो | २०७७कातिक मसान्त | ७१९३७५० | २०७७।०९।२९ | ७१९३७५० | ११९८९५.८३ |
| तेश्रो | २०७७फागुन मसान्त | ७१९३७५० | २०७७।११।२१ | ५६८०००० | ३५१०२ |
| अन्तिम | २०७८ आषाढ १५ | ७१९३७५० | २०७८।१०।०६ | ८७४३२५० | ४१९६३५ |
| | जम्मा | २८७७५००० | | २८७७५००० | ५७४६३२.८३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २६ | | | **ठेक्का ब्यवस्थापन** | |
| २६.१ | | | औषधि खरिदः पालिकाले ३२ किसिमका औषधि खरिद कार्यको लागी मु अ कर बाहेक रु. ९७४४७४। को लागत अनुमान तयार गरी मिति २०७७।१०।२१ मा सुचना आह्वान गरेकोमा विभिन्न तीन औषधि आपुर्तिकर्तासँग छुट्टा छुट्टै आइटम दर बमोजिमको छुट्टा छुट्टै मितिमा सम्झौता सम्पन्न गरी रु ९३६२६०। को कबोल अंक स्वीकृत गरेको छ ।यसरी छुट्टा छुट्टै आइटम दरको आधारमा छुट्टा छुट्टै आपुर्तिकर्तासँग सम्झौता गर्न सक्ने सम्बन्धमा बिड डकुमेन्टमा उल्लेख गरेको छैन र औषधिको गुणस्तर समेत तोकिएबमोजिम भए नभएको सम्बन्धमा आश्वस्त हुन नसकिएको रु | ९३६,२६० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २६.२ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ (क) मा आपूर्तिकर्ता, परामर्शदाता, सेवा प्रदायक वा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रति दिन सम्झौता रकमको शुन्ना दशमलव शुन्ना पाँच प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति दिनु पर्ने ब्यवस्था छ । पालिकाले देहायका योजनाहरुको सम्झौतामा तोकिएबमोजिमको म्याद भित्र कार्यसम्पन्न नगरी ढीलागरी कार्यसम्पन्न गरेकोमा म्याद थप समेत नदेखिएको र पुर्वनिर्धारित क्षतिपूर्ती समेत असुल गरेको नदेखिएकोले उक्त रकम सम्बन्धितबाट असुल उपर गर्नु पर्ने रु. | २३,५९८ |

| योजनाको नाम | आपुर्तिकर्ता | कबोल अंक (मु. अ. कर बाहेक) | सम्झौता मिति | कार्यसम्पन्न गर्नु पर्ने मिति | कार्यसम्पन्न मिति | ढिला भएको दिन संख्या | जरिवाना प्रतिदिन | जम्मा रकम |
|---|---|---|---|---|---|---|---|---|
| ब्याक हो लोडर खरिद (क्याटलग विधि) | MAW Earth Movers Pvt. Ltd. | ४७९४००० | २०७७।११।२३ | ३० दिन भित्र | २०७७।१२।२७ | ४ | २३९७ | ९५८८ |
| शव वाहन खरिद(शिलबन्दी) | शिप्रदी ट्रेडिङ्ग प्रा लि | २३३५००० | २०७८।०१।२९ | ४५ दिन भित्र | २०७८।०३।२४ | १२ | ११६७।५ | १४०१० |
| | जम्मा | | | | | | | २३५९८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २६.३ | | | नेपाल सरकार भौतिक पुर्वाधार मन्त्रालयबाट स्वीकृत नर्म्स बमोजिम सडक निर्माण एवं मर्मत कार्यमा प्रयोग हुने Tack Coat को प्रयोग ०.५ केजी जसलाई स्वीकृत नर्म्स बमोजिम लिटरमा परिवर्तन गर्दा ०.४७६ लिटर प्रति वर्ग मीटर खपत हुने हुँदा सोही बमोजिम परिमाण गणना गरी भुक्तानी दिनु पर्नेमा देहायबमोजिम रु. ८६१४४८।०१ बढी भुक्तानी भएको देखिएकोले उक्त रकम सम्बन्धितबाट असुल उपर गर्नु पर्ने रु | ८६१,४४८.०१ |

| योजनाको नाम | उपभोक्ता समिति/ निर्माण ब्यवसायी | भुक्तानी भएको | | भुक्तानी हुनु पर्ने | | बढी भुक्तानी | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | वर्ग मीटर | लिटर | वर्ग मीटर | लिटर | लिटर | दर | रकम | रकम मु. अ. कर सहित |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | धरान चतरा सडक कालोपत्रे योजना | बिल्डर्स बर्तौला प्रा. लि. | १८१५.३५ | १८१५.३५ | १८१५.३५ | ८६४.१ | ९५१.२४ | ११०. | १०४६३६.७७ | ११८२३९.५५ | |
| | | | राजदेवी एक्लेखेत सडक स्तरीकरण कार्य | संजय निर्माण सेवा, हेटौडा, मकवानपुर | ७५४८.०५ | ७५४८.०५ | ७५४८.०५ | ३५९२.९ | ३९५५.१५ | १००. | ३९५५१५.०० | ४४६९३१.९५ | |
| | | | रिंगरोड सडक स्तरीकरण कार्य | भैरव/ नारायणम्/ ज्ञानेश जे. भि., बाँके | ५५५९.६१ | ५५५९.६१ | ५५५९.६१ | २६४६.३७ | २९१३.२४ | ९०. | २६२१९१.६० | २९६२७६.५१ | |
| | | | | जम्मा | | | | | | | | ८६१४४८.०१ | |
| २६.४ | | | आयुर्वेद औषधि खरिदः पालिकाले ४९ किसिमका औषधि खरिद कार्यको लागी मु. अ. कर सहित रु. २०४९९९५।२० को लागत अनुमान तयार गरी मिति २०७७।१०।२१ मा सुचना आह्वान गरेकोमा विभिन्न तीन औषधि आपुर्तिकर्तासँग छुट्टा छुट्टै आइटम दर बमोजिमको छुट्टा छुट्टै मितिमा सम्झौता सम्पन्न गरी रु. ९०७८७२ को कबोल अंक स्वीकृत गरेको छ ।यसरी छुट्टा छुट्टै आइटम दरको आधारमा छुट्टा छुट्टै आपुर्तिकर्तासँग सम्झौता गर्न सक्ने सम्बन्धमा बिड डकुमेन्टमा उल्लेख गरेको छैन र औषधिको गुणस्तर समेत तोकिएबमोजिम भए नभएको सम्बन्धमा आश्वस्त हुन नसकिएको रु | | | | | | | | | | ९०७,८७२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २६.५ | | | **तौलपुल निर्माणः** पालिकाबाट तौल पुल निर्माण कार्यको लागी २०७५।१२।३० मा कार्यसम्पन्न गर्ने गरी एभिएन वेजिङ्ग कर्पोरेशन, वीरगंज, पर्साको मु. अ. कर सहित रु. 4487496.74 कबोल अंक स्वीकृत गरी मिति २०७५।०९।१८ मा सम्झौता सम्पन्न भएकोमा मिति २०७६।०३।२७ मा कार्यसम्पन्न भएको देखियो । उक्त निर्माण गरिएको तौलपुल हालसम्म संचालनमा आएको देखिएन । पालिकाले तौलपुल यथाशीघ्र संचालनमा ल्याउन बिशेष पहल गर्नु पर्दछ । | |
| २६.६ | | | **बढी भुक्तानीः** पालिकाले आयुर्वेद औषधि अन्तर्गत चन्द्रप्रभावटी १०० ग्राम औषधि १२० थान रु. ५५० को दरले शिव आयुर्वेद फर्माबाट खरिद गरेको देखियो । लागत अनुमानमा उक्त औषधिको दर रु १९५।५ रहेकोमा खरिद दर रु ५५०। भएकोले लागत अनुमान भन्दा ३५४।५ बढी दरले १२० थान औषधिको रु ४२४५०। रकम बढी भुक्तानी भएको देखिएकोले सम्बन्धितबाट असुल उपर गर्नु पर्ने रु | ४२,४५० |
| २७ | | | **सामाजिक सुरक्षा**<br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १८ को उपदफा १ मा स्थानीय तहले भत्ता वापत निकासा प्राप्त भएको रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तिमा सात दिन अगावै वितरण कार्य सम्पन्न गरी आर्थिक कारोवार वन्द गर्नुपर्ने, र सोही दफाको उपदफा ३ मा भत्ता वितरणका लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा वांकी रकम नेपाल सरकारको संघीय कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ। पालिकाले यस वर्ष सामाजिक सुरक्षा तर्फ रु. ३३८६२६२०६ रकम निकासा दिईएकोमा आ.व २०७७/७८ समाप्ति पछि मात्र रु. ३३७९२०२२२ वितरण गरी बाँकी रु. ७०५९८४ रकम २०७८/०६/१७ सम्ममा संघिय संचित कोषमा दाखिला गरेको देखियो।<br><br>नगरपालिकाका वडाहरुले MIS प्रणाली समयमै Update नगर्ने, पूर्ण विवरण नराख्ने, MIS अभिलेख तथा मुलखाता(ढड्डा)मा समयमै अभिलेख कट्टि नगर्ने गरेको पाईयो । कार्यालयले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने तर्फ कार्यालयले ध्यान दिन जरुरी छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २८ | | | **सावा ब्याज**<br>**साँवा ब्याज भुक्तानी -**<br>हेटौंडा उपमहानगरपालिकाले बिगतमा ९ र आ ब २०७७।०७८ मा १ वटा योजना थप भइ जम्मा १० वटा योजना तथा कार्यक्रम संचालन गर्न नगर बिकास कोषबाट रु ९६८११६२८।८५ ऋण सापटी लिएकोमा ४ वटा योजनाको ऋण रु ९०६९७९९।३४ चुक्ता भइ आ ब को अन्त्यमा रु ५१९०९४९६।४८= ऋण सापटी बाँकी रहेको छ ।जस मध्ये आ ब २०७७।७८ मा २ किस्तामा सावा जम्मा रु ५६८२८६८।३५ र व्याज जम्मा रु १५४७७२४।४८ भुक्तानी भएको छ । | |
| २९ | | | **बिबिध खर्च भुक्तानी** | |
| २९.१ | | | **खर्चको प्रमाणः** आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्व नियमाबली २०७७ को नियम ३९-१० अनुसार जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात सँलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्नेछ भन्ने व्यबस्था छ । उपमहानगरपालिकाले भौ नं १९६।०७८।३।२५ बाट राष्ट्रिय भिटामिन ए कार्यक्रम संचालन का लागि भोला चौलागाँइलाई दिएको पेश्की फछ्र्यौट गर्दा भत्ता रु १५४००। कर कट्टी बाहेक भुक्तानी गरेकोमा सो रकम सम्बन्धितलाई बितरण गरेको प्रमाण पेश नभएको रु | १५,४०० |
| २९.२ | | | **खर्चको प्रमाणः** आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्व नियमाबली २०७७ को नियम ३९-१० अनुसार जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात सँलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्नेछ भन्ने व्यबस्था छ । उपमहानगरपालिकाले भौ नं ७२६।०७७।११।११ बाट शिक्षा समितिको बैठक संचालन तथा स्थानीय पाठ्यक्रम निर्माण बापत बैठक भत्ता रु ७४८००। कर कट्टी बाहेक भुक्तानी गरेकोमा सो रकम सम्बन्धितलाई बितरण गरेको प्रमाण पेश नभएको रु | ७४,८०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२९.३</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम – स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत उपमहानगर भित्रका वडाहरुमा निर्माण कार्य नाली लगायतका ९ वटा योजना तथा भूमी सम्बन्धि कार्य मा रु९४९१६।खर्च समेतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ३०४ जनालाई रोजगारी उपलव्ध गराई रु.३४६२६५४। खर्च गरेको छ । लक्षित वर्गलाई नयूनतम ५ दिनदेखि अधिकतम ६५ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन ।<br>यसरी खर्च गरेको रकम मध्ये भूमी सम्बन्धि राजस्व अभिलेख डिजिटाईजेशन कार्य गरेको भनि ११ जनालाई ४ देखि २२ कार्यदिन सम्मको प्रति व्यक्ति प्रति दिन रु ५१७ का दरले रु९४९१६। खर्च भुक्तानी गरेकोमा निजहरुले के कति कार्य गरेको हो सो को प्रमाण पेश नभएको रु</td><td>९४,९१६</td></tr>
<tr><td>२९.४</td><td></td><td></td><td>मूल्य अभिवृद्धि कर कट्टी – आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत तथा आर्थिक ऐन, २०७७ अनुसार मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धित राजस्व शीर्षकमा र बाँकी सम्बन्धित फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर उपमहानगरपालिकाले निम्नअनुसारको भुक्तानीमा नियमानुसार ५० तथा ३० प्रतिशत रु. २१९९४५। मू अ कर कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । तसर्थ उक्त रकमको कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><th>भुक्तानी भएको बिबरण</th><th>भुक्तानी रकम</th><th>मू अ कर भुक्तानी</th><th>३० प्रतिशत</th><th>५० प्रतिशत</th></tr>
<tr><td>मनकामना इन्स्टिच्यूट अफ टेक्नोलोजी</td><td>२१८८५४।९१</td><td>२५१७७</td><td>७५५३</td><td>०</td></tr>
<tr><td rowspan="2">एकिकृत ग्रामीण बिकास सेवा मकवानपुर</td><td>१२९५५८२</td><td>१६८४२५</td><td>५०५२७</td><td>०</td></tr>
<tr><td>२४९०२४१</td><td>३२३७३१</td><td>०</td><td>१६१८६५</td></tr>
<tr><td>जम्मा</td><td>४००४६७७</td><td>५१७३३३</td><td>५८०८०</td><td>१६१८६५</td></tr>
</table></td><td>२१९,९४५</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९.५ | | | **कर दाखिलाः** आयकर ऐन २०५८ अनुसार कट्टी गरेको कर समयमै बैंक दाखिला हुनु पर्ने व्यबस्था छ । स्वास्थ्य तर्फ कार्यक्रम संचालन पश्चात भोला चौलागाँइले कट्टी गरेको कर रु ६५१०। बैक दाखिला भएको नदेखिएकोले दाखिलाको प्रमाण पेश हुनु पर्ने रु | ६,५१० |
| ३० | | | **खर्चको प्रमाण** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३०.१ | | | **खर्चको प्रमाणः** आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्व नियमाबली २०७७ को नियम ३९-१० अनुसार जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात सँलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्नेछ भन्ने व्यवस्था छ । उपमहानगरपालिकाले वडा सदस्य तथा कार्यपालिकाको सदस्यको रुपमा वागमती प्रदेश कानून बमोजिम कार्यालयको चालु बजेट उप शीर्षकबाट नियमित सेवा सुबिधा भुक्तानी भई रहेका निम्न ब्यक्तिलाई संघीय शसर्त प्रदेश शसर्त तथा आन्तरीक चालु तीनवटा शीर्षकबाट देहायको रकम भुक्तानी गरेको देखिएकोले दोहोरो परेको देखिएको छ । उक्त दोहोरो परेको रकम सम्बन्धितबाट असूल गरी सम्बन्धित राजस्व खातामा दाखिला हुनु पर्ने रु | ७३,००० |

| पदाधिकारीको पद नाम | खर्च लेखेको उपशीर्षक | खर्च शीर्षक | भुक्तानी रकम |
|---|---|---|---|
| रुक्मिणी गोङ्वा कार्यपालिका सदस्य | संघीय शसर्त | पोशाक तथा यातायात खर्च | २२००० |
| | प्रदेश शसर्त | संचार खर्च | २५०० |
| | आन्तरिक चालु | यातायात खर्च | १२००० |
| बेगम बराल वडा सदस्य | संघीय शसर्त | पोशाक तथा यातायात खर्च | २२००० |
| | प्रदेश शसर्त | संचार खर्च | २५०० |
| | आन्तरिक चालु | यातायात खर्च | १२००० |
| जम्मा | | | ७३००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३०.२ | | | **खर्चको प्रमाणः** आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्व नियमाबली २०७७ को नियम ३९-१० अनुसार जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात सँलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्नेछ भन्ने व्यबस्था छ ।उपमहानगरपालिकाले शसर्त तर्फ भौ नं १८७।२०७८।३।२३ बाट कोभिड १९ का कारण उपन्न परिस्थितिमा शिकाइ सहजीकरणका लागि शैक्षिक सामाग्री स्व अध्ययन सामाग्री कक्षा १ देखि ३ कक्षा सम्मको लागि ३९०० थान खरिद गरी आदर्श अफसेट प्रेसलाई रु३९००००। भुक्तानी गरेकोमा उक्त सामाग्री बिद्यार्थीलाई बितरण गरेको नदेखिएको रु | ३९०,००० |
| ३१ | | | **सोझै खरिद** | |
| ३१.१ | | | आर्थिक विधेयक २०७६ ले मुल्यअभिवृद्धि ऐन, २०५२ मा गरेको संशोधित व्यवस्था साथै मूल्य अभिवृद्धि कर नियमावली २०५३ मा भएको २१ औं संशोधित व्यवस्था अनुसार तथा आर्थिक विधेयक २०७८ मा भएको व्यवस्था अनुसार २०७८ जेष्ठ १५ पछि बिभिन्न ब्यवसायी, आपुर्तीकर्ता लाई भ्याट रकम भुक्तानी गर्दा क्रमश ५० प्रतिशत र ३० प्रतिशत भ्याट रकम कट्टी गरी सो रकम कार्यालयले सम्बन्धीत आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले निम्न गो भौ नं र मितिबाट विभिन्न व्यवसाय तथा आपूर्ति कर्तालाई भ्याट रकम भुक्तानी गर्दा सो नियम विपरित पुरै रकम भुक्तानी गरेकोले ब्यवसायीहरुले कर समायोजन प्रमाणपत्र पेश गर्नुपर्ने रु ३०६१० | ३०,६१० |

| गो.भौ.न./मिति | व्यवसायिक | बिल रकम | 13%भ्याट रकम | 30%भ्याट रकम | कैफियत |
|---|---|---|---|---|---|
| १६०९-0७८/0३/२३ | सांग्रीला इन्फरम्याटीक्स प्रा लि | ४३४००० | ५६४२० | १६९२६ | |
| १६३१-0७८/0३/२४ | टिम टेलिभिजन प्रा लि | ३५०८८४ | ४५६१५ | १३६८४ | |
| | जम्मा | | | ३०६१० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३१.२ | | | **सोझै खरिद**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी सोझै खरिद गर्न हुदैन भन्ने उल्लेख छ । त्यसैगरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार | ४,७८९,८९३.६५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | २० लाख सम्म लागत अनुमान भएको निर्माण कार्य मालसामान वा जुनसुकै सेवा सिलबन्दी दरभाउपत्र आह्वान गरी खरिद गर्न सक्ने उल्लेख छ । नियममा भएको ब्यवस्था अनुशार खुला रुपमा शिलबन्दी दरभाउपत्र वा वोलपत्रको माध्यम द्वारा खरिद कारवाही गर्नुपर्नेमा पालिकाले निम्न गो.भौ.नं. र मिति बाट बजेट लाई टुक्रापारी नियम बिपरीत कार्यालय सामान,फर्निचर मेसीनरी औजार सिधै खरिद गरेकोले अनियमित रुपले र खर्च भएको रु ४७८९८९३।६५ | |

| मिति | भौ. नं. | विवरण | फर्मको नाम | भुक्तानी रकम |
|---|---|---|---|---|
| २०७७/१०/२१ | ६५५ | छपाई | श्री आफ्नै अफसेट प्रेस हेटौडा-९ | 243,430.25 |
| २०७८/०३/१९ | १४६४ | छपाई | श्री न्यु हेटौडा छापाखाना हेटौडा | 189,783.50 |
| २०७७/०९/२७ | ५५६ | छपाई | श्री शंकर प्रेस हेटौडा-४ | 172,551.00 |
| २०७८/०३/२२ | १५६१ | छपाई | मातृभुमी प्रिन्टिङ्ग सर्भिस | 164,980.00 |
| २०७७/११/२५ | ७९३ | छपाई | श्री न्यु हेटौडा छापाखाना र आफ्नै अफसेट प्रेस हेटौडा | 140,685.00 |
| २०७७/०७/१७ | २४७ | छपाई | श्री न्यु हेटौडा छापाखाना हेटौडा | 99,581.25 |
| २०७८/०३/२२ | १५५७ | छपाई | बिभिन्न फर्महरुको छपाई | 99,417.00 |
| २०७७/०७/१७ | २४६ | छपाई | श्री क्वालिटेक प्रिन्टिङ्ग प्रेस | 98,875.00 |
| २०७७/१०/०६ | ५९७ | छपाई | जन अफसेट प्रेस हेटौडा | 97,519.00 |
| ११/२५/२०७७ | ७९९ | छपाई | श्री मातृभूमि प्रिन्टिंग सर्भिस हेटौडा | 316,400.00 |
| ११/२५/२०७७ | ७८८ | छपाई | श्री क्वालिटेक प्रिन्टिंग प्रेस हेटौडा-२ | 281,533.00 |
| ०३/०८/२०७८ | १२८३ | छपाई | मातृभूमि प्रिन्टिङ्ग सर्भिस हेटौडा-२ | 280,560.00 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०२/१६/२०७८ | ११२० | छपाई | श्री संगम आर्ट्‌स र न्यु लाईट प्रेस हेटौडा | 270,635.00 | | |
| | | | | ०२/१६/२०७८ | १११८ | छपाई | श्री शुभ गणेश प्रिन्टिंग प्रेस हेटौडा | 262,160.00 | | |
| | | | | ११/२३/२०७७ | ७८० | छपाई | श्री संगम आर्ट्‌स हेटौडा-२ | 188,710.00 | | |
| | | | | ११/२३/२०७७ | ७७९ | छपाई | श्री शुभ गणेश प्रिन्टिंग प्रेस हेटौडा-५ | 156,957.00 | | |
| | | | | ०८/०७/२०७७ | ३२९ | छपाई | श्री नेपाल इन्टरनेशनाल प्रिन्टर्स प्रा.लि. | 99,440.00 | | |
| | | | | ०६/१९/२०७७ | १४१ | मसलन्द | जेनिसा सप्लायर्स हेटौडा | 488,725.00 | | |
| | | | | १०/११/२०७७ | ६२२ | मसलन्द | श्री सर्वप्रिय इन्टरप्राइजेज हेटौडा-११ | 286,087.75 | | |
| | | | | ११/२५/२०७७ | ७८७ | मसलन्द | श्री प्रशुभा स्टोर्स एण्ड जनरल अडर सप्लायर्स हेटौडा | 180,076.00 | | |
| | | | | ०१/०५/२०७८ | ८४९ | मसलन्द | श्री बिस्मिल्लाह व्याग सप्लायर्स हेटौडा-५ | 167,353.00 | | |
| | | | | ०३/२४/२०७८ | १६२४ | मसलन्द | श्री निर्भिक ईन्टरप्राइजेज हेटौडा | 106,931.00 | | |
| | | | | ०१/०३/२०७८ | ८४२ | मसलन्द | श्री नेपाल स्टेशनरी तथा जनरल अर्डर सप्लायार्स हेटौडा | 104,106.00 | | |
| | | | | ०३/२३/२०७८ | १६०३ | मसलन्द | श्री स्टार सप्लायर्स हेटौडा | 99,699.90 | | |
| | | | | ०६/३०/२०७७ | २१८ | मसलन्द | प्रशुभा स्टोर्स एण्ड जनरल अडर सप्लायर्स हेटौडा | 99,440.00 | | |
| | | | | ०३/२०/२०७८ | १४९१ | मसलन्द | श्री निर्विक इन्टरप्राइजेज हेटौडा | 94,258.00 | | |
| | | | | | | | जम्मा रकम | 4,789,893.65 | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२ | | | **शिक्षकको तलब भत्ता निकासा लगायत अन्य व्यहोरा** | |
